सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

आज मिति २०८३ साल जेष्ठ २१ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को बाह्रौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न वहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम वहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण वहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | गजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल वहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | श्री विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| २ | श्री ज्योति प्र. पौडेल | — " — | |
| ३ | श्री सुजन मिश्र | ल. प. अधिकृत | |
| ४ | श्री कृष्ण राज कोइराला | लेखा प्रमुख | |

**नगर-कार्यपालिकाको मिति २०८३/२/२१ गतेको आ.व. २०८२/८३ को बाह्रौं बैठकका निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८२/०१/२८ गते बसेको आ.व २०८२/८३ को एघारौं बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं २**

आगामी आ.व. २०८३/८४ को लागि श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिद्वारा तयार गरिएको वजेटको स्रोत, सीमा र मार्गदर्शन सम्वन्धमा छलफल गरियो ।

**निर्णय नं ३**

सुन्दरवजार नगरपालिकाको नगरसभाको १८ औं अधिवेशन मिति २०८३/०३/०४ गते दिनको १ वजे नगरपालिकाको सभा हलमा सञ्चालन गर्ने ।

**विविध प्रस्तावहरुको निर्णय :**

क) सुन्दरवजार नगरपालिकाको शिक्षकका लागि साझेदारीमा ल्यापटप वितरण मापदण्ड २०८३ पारित गर्ने ।

ख) भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) को पत्र अनुसार सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रुपमा कार्यान्वय हुन, असुरक्षित र नियम विपरितका भवनहरुलाई अभिलेखिकरण गने कार्य तत्काल रोक्नु भनी लेखी आएको हुँदा सुन्दरवजार नगरपालिकाको भवन तथा भौतिक संरचना अभिलेखिकरण कार्यविधि-२०८३ अनुसार भवन तथा भौतिक संरचना अभिलेखिकरण कार्य स्थगन गर्ने । साथै यस अघि भवन तथा भौतिक संरचना अभिलेखिकरणका लागि निवेदन पेश गरेका व्यक्तिहरु सँग कुनै राजश्व वा शुल्क लिएको भए सो रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिने ।

ग) सुन्दरवजार नगरपालिका वडा नं ६ र वडा नं १० वडा समितिको सिफारिस अनुसार सो वडाहरुलाई वालमैत्री र पोषणमैत्री वडा घोषणाको लागि आवश्यक सूचक पुरा गरेकोले सो सूचकहरुको अनुगमनका लागि पोषणमैत्री स्थानीय शासन सम्बन्धी जिल्ला स्तरीय अनुगमन तथा सिफारिस समिति र बालमैत्री स्थानीय शासन जिल्ला स्तरीय अनुगमन समितिलाई अनुरोध गर्ने ।

घ) यस नगरपालिकाको कार्यालय र अन्तर्गतका विभिन्न शाखा, संस्था, समिति लगायतका निकाय वा कार्यालयको कार्यसम्पादनको विषयमा कुनै पदाधिकारी वा कर्मचारी उपर कुनै पनि प्रकारको रिट निवेदन, फिराद पत्र, उजुरी पत्र दायर भएमा त्यस्ता रिट निवेदन, फिराद पत्र र उजुरीको लिखित जवाफ वा प्रतिउत्तर पत्र दर्ता गरी मुद्धामा पुर्पक्ष गर्न यस नगरपालिकाको तर्फबाट प्राकृतिक व्यक्ति वा कानूनी व्यक्ति उपर नालेस उजुर गर्नुपरेमा त्यस्ता मुद्धा दर्ता गर्न र कानून व्यवसायी मुकर गर्न, आफै सम्मानित अदालतहरुमा उपस्थित भई वा वारेश राखी मुद्धामा पुर्वक्ष गर्न र दर्ता भएका मुद्धाहरुमा म्याद तारिख गुज्रेमा म्याद तारेख थामी मुद्धा सम्वन्धी काम कारवाही गर्नको लागि यस नगरपालिकाको न्यायिक सहजकर्ता श्री नविना नेपाललाई अख्तियारी प्रदान गर्ने ।

२०८३/०२/२९
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

२०८३/०२/२९
कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

ङ) यस नगरपालिकाको विभिन्न कार्यक्रममा साझेदारी तथा सहयोगका लागि पेश भएका तपशिल अनुसारका व्यक्ति तथा संस्थाहरुलाई सहयोग उपलब्ध गराउने ।

तपशिल

| सि.नं | विवरण | रकम | शीर्षक |
|---|---|---|---|
| १ | भोटेवडार भेट्रान्स फुटबल | ७७००० | विविध कार्यक्रम खर्च |
| २ | लामपधेरो लिफ्टिङ्ग खानेपानी ३ पम्प खरिद | ७०००० | विविध पूँजीगत खर्च |
| ३ | हाटबजार जग्गा भाडा | ३३००० | गैर सरकारी तथा अन्य संघ संस्था सँग साझेदारी |
| ४ | खहरे गहते चिसापानी सडक मर्मत | २५००० | विविध पूँजीगत खर्च |
| ५ | कोइरालाफाँट युवा क्लव | १५००० | विविध कार्यक्रम खर्च |
| ६ | पाँउदी शिवालय ढलान वाटो मर्मत | ५०००० | विविध पूँजीगत खर्च |

२०८२/२/२१

प्रमुख प्रशासकीय अधिकृत

२०८२/२/२१

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख